"ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध समाजबाद उन्मुख नमुना गाउँपालिका"
स्थानीय सरकार
# भिमसेनथापा गाउँपालिका
# BHIMSENTHAPA RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
खान्चोक, गोरखा
Khanchowk, Gorkha
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Reference No) :- २०८३/०८४
चलानी नं.(Dispatch No) :-
मिति (Date):

सूचना प्रकाशन मितिः- २०८३/०६/२३

**"भिमसेन थापा एग्रो– मार्ट (किसानको पसल) पब्लिक लिमिटेड" कम्पनी गठन, दर्ता तथा प्रारम्भिक संस्थागत प्रक्रियामा सहजीकरण/परामर्श सेवाका लागि आशयपत्र (Letter of Interest – LOI) आह्वान सम्बन्धी सूचना**

भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०५/१० गतेको बैठकको निर्णयानुसार गाउँपालिकाको समन्वय तथा सहजीकरणमा स्थानीय कृषि उत्पादनको **संकलन, ग्रेडिङ, भण्डारण, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ तथा बजारीकरण** गर्ने, कृषकलाई आवश्यक कृषि सामग्री तथा कृषि-सम्बन्धी सेवा उपलब्ध गराउने, कृषक तथा स्थानीय उद्यमीलाई बजारसँग जोड्ने र स्थानीय अर्थतन्त्रलाई सुदृढ एवं दिगो बनाउने उद्देश्यले **"भीमसेन थापा एग्रो-मार्ट (किसानको पसल) पब्लिक लिमिटेड"** स्थापना गर्ने प्रक्रिया अघि बढाइएको छ।

उक्त कम्पनीको गठन तथा दर्ता कार्यलाई प्रचलित कानूनबमोजिम व्यवस्थित, पारदर्शी, व्यावसायिक र प्रभावकारी रूपमा अघि बढाउन **कम्पनी गठन, दर्ता, शेयर संरचना, संस्थापक शेयरधनीको सहभागिता, संस्थागत संरचना तथा प्रारम्भिक सञ्चालनसम्बन्धी आवश्यक कानुनी तथा प्रक्रियागत कार्यमा सहजीकरण/परामर्श सेवा** उपलब्ध गराउन इच्छुक योग्य संघ, संस्था, परामर्शदाता संस्था वा कानून फर्मबाट यो आशयपत्र **(Letter of Interest – LOI)** आह्वान गरिएको छ।

**१. सहजीकरण/परामर्श सेवाको कार्यक्षेत्र**

छनोट हुने संघ/संस्था/कानून फर्म वा परामर्शदाताले देहायका कार्यहरूमा आवश्यकतानुसार सहजीकरण तथा परामर्श उपलब्ध गराउनुपर्नेछः

**क. अवधारणा तथा संस्थागत संरचना**

- एग्रो-मार्टको अवधारणा, उद्देश्य, कार्यक्षेत्र तथा व्यवसायिक मोडेललाई कानुनी एवं संस्थागत रूपमा परिमार्जन/परिष्कृत गर्न सुझाव दिने।
- पब्लिक लिमिटेड कम्पनीको उपयुक्त संस्थागत तथा शेयर संरचना सम्बन्धी सुझाव दिने।
- संस्थापक शेयरधनी, स्थानीय कृषक, सहकारी, निजी क्षेत्र तथा अन्य सम्भावित लगानीकर्ताको सहभागिताका लागि उपयुक्त संरचना प्रस्ताव गर्ने।

**ख. कम्पनी गठन तथा दर्ता**

- कम्पनीको नाम, उद्देश्य, अधिकृत तथा जारी/चुक्ता पूँजी लगायतका विषयमा आवश्यक कानुनी परामर्श दिने।
- प्रचलित कम्पनी कानूनबमोजिम प्रबन्धपत्र **(MOA)** तथा नियमावली **(AOA)** को मस्यौदा तयार/परिमार्जन गर्ने।
- संस्थापक तथा शेयरधनीसम्बन्धी आवश्यक कागजात तयार गर्न सहजीकरण गर्ने।

Email : bhimsenthapagaupalika@gmail.com, info@bhimsenthapamun.gov.np
website : www.bhimsenthapamun.gov.np Contact No.: 9856010045

- सम्बन्धित सरकारी निकायमा कम्पनी दर्ताका लागि आवश्यक कागजात, आवेदन तथा प्रक्रियामा सहजीकरण गर्ने।
- कम्पनी दर्ता प्रमाणपत्र प्राप्तिसम्म आवश्यक समन्वय तथा फलो– अप गर्ने।

ग. कानुनी तथा नियामकीय अनुपालन

- कम्पनी गठन तथा सञ्चालनसँग सम्बन्धित प्रचलित ऐन, नियम, निर्देशिका तथा नियामकीय प्रावधानहरूको पहिचान गरी अनुपालनसम्बन्धी सुझाव दिने।
- कृषि उत्पादनको संकलन, भण्डारण, प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ, बिक्री– वितरण तथा कृषि सामग्री कारोबारसँग सम्बन्धित आवश्यक अनुमतिपत्र/दर्ता/स्वीकृतिका विषयमा सुझाव तथा सहजीकरण गर्ने।
- कम्पनीको भावी कारोबारअनुसार आवश्यक PAN/VAT, स्थानीय तह तथा अन्य सम्बन्धित निकायमा गर्नुपर्ने दर्ता/अनुमति प्रक्रियामा आवश्यक मार्गदर्शन गर्ने।

घ. शेयर तथा लगानी व्यवस्थापनसम्बन्धी सहजीकरण

- प्रस्तावित शेयर पूँजी तथा शेयर संरचनाको प्रारम्भिक खाका तयार गर्न सहयोग गर्ने।
- संस्थापक शेयरधनी तथा सम्भावित लगानीकर्ताको सहभागिताका लागि आवश्यक आवेदन/प्रतिबद्धता फाराम तथा अन्य कागजातको प्रारूप तयार गर्ने।
- शेयर लगानी, शेयरधनी अभिलेख तथा प्रारम्भिक पूँजी संकलनसम्बन्धी प्रक्रियामा आवश्यक कानुनी/प्राविधिक परामर्श दिने।
- आवश्यक भएमा भविष्यमा सर्वसाधारणमा शेयर निष्कासन गर्ने सम्भावनालाई ध्यानमा राखी प्रारम्भिक संस्थागत संरचना सम्बन्धी सुझाव दिने।

ङ. संस्थागत तथा सञ्चालन तयारी

- सञ्चालक समिति तथा व्यवस्थापन संरचनासम्बन्धी आवश्यक सुझाव दिने।
- प्रारम्भिक व्यावसायिक योजना/Business Plan को कानुनी तथा संस्थागत पक्षमा सुझाव दिने।
- आवश्यक नीति, कार्यविधि, सम्झौता तथा अन्य संस्थागत दस्तावेजहरूको प्रारम्भिक मस्यौदा तयार गर्न सहयोग गर्ने।
- कम्पनीको प्रारम्भिक सञ्चालनका लागि आवश्यक कार्ययोजना तयार गर्न सहजीकरण गर्ने।

च. अन्य आवश्यक सहजीकरण

कम्पनी गठन, दर्ता तथा प्रारम्भिक संस्थागत सञ्चालनका क्रममा आवश्यक देखिएका अन्य कानुनी,

प्रशासनिक तथा प्रक्रियागत कार्यहरूमा समेत सम्बन्धित संघ/संस्था/कानून फर्मले आवश्यक परामर्श तथा सहजीकरण उपलब्ध गराउनुपर्नेछ।

२. <u>आशयपत्रमा खुलाउनुपर्ने विषयहरू</u>

इच्छुक संघ/संस्था/कानून फर्म/परामर्शदाताले पेश गर्ने LOI/प्रस्तावमा कम्तीमा देहायका विषयहरू स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछः

- संस्थाको संक्षिप्त परिचय तथा कानुनी हैसियत;
- सम्बन्धित क्षेत्रमा रहेको अनुभव तथा विगतमा सम्पन्न गरेका समान प्रकृतिका कार्यहरूको विवरण,
- प्रस्तावित कार्यविधि तथा कार्ययोजना (**Methodology & Work Plan**);
- कम्पनी गठनदेखि दर्ता तथा प्रारम्भिक सञ्चालन तयारीसम्मको चरणबद्ध प्रक्रिया (**Step-by-Step Process**);
- प्रस्तावित समयावधि तथा कार्यतालिका;
- कम्पनी गठन/दर्ताका लागि आवश्यक पर्ने प्रमुख कानुनी तथा प्रशासनिक कागजातहरूको सूची;
- प्रस्तावित विज्ञ/जनशक्ति तथा तिनीहरूको योग्यता र अनुभव;
- सेवा प्रदान गर्ने क्रममा आवश्यक पर्ने गाउँपालिका, सरकारी निकाय, नियामक निकाय तथा अन्य सरोकारवालासँगको समन्वयको प्रस्तावित व्यवस्था;
- सहजीकरण तथा परामर्श सेवा शुल्क (**Professional/Consultancy Fee**) स्पष्ट रूपमा उल्लेख भएको आर्थिक प्रस्ताव;
- कर तथा अन्य लागू हुने शुल्क/खर्च समावेश वा असमावेश भएको स्पष्ट विवरण;
- आवश्यक भएमा चरणगत भुक्तानी (Milestone-based Payment) को प्रस्ताव;
- अन्य आवश्यक शर्त तथा सुझावहरू।

३. <u>प्रस्तावित सेवाको अपेक्षित परिणाम (**Key Deliverables**)</u>

छनोट हुने सेवा प्रदायकबाट कम्तीमा देहायका परिणाम/Deliverables अपेक्षा गरिनेछः

- पब्लिक लिमिटेड कम्पनी गठनको कानुनी तथा संस्थागत खाका;
- कम्पनीको उपयुक्त नाम, उद्देश्य तथा पूँजी/शेयर संरचनासम्बन्धी सुझाव;
- प्रबन्धपत्र तथा नियमावलीको मस्यौदा;
- कम्पनी दर्ताका लागि आवश्यक कागजात तथा आवेदन तयारी;
- कम्पनी दर्ता प्रक्रियामा पूर्ण सहजीकरण;
- संस्थापक/शेयरधनी सहभागिता तथा लगानी प्रक्रियासम्बन्धी प्रारूप;
- आवश्यक PAN/VAT तथा अन्य प्रारम्भिक दर्ता/अनुमति प्रक्रियासम्बन्धी सहजीकरण;
- प्रारम्भिक संस्थागत/व्यावसायिक कार्ययोजना;

- आवश्यक नीति, सम्झौता तथा अन्य कानुनी दस्तावेजहरूको प्रारम्भिक मस्यौदा;
- कम्पनीको प्रारम्भिक सञ्चालनसम्मको कानुनी तथा संस्थागत परामर्श।

भिमसेनथापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खान्चोक, गोरखा २०७३

**४. योग्यता**

देहायका प्रकृतिका योग्य संघ, संस्था, परामर्शदाता संस्था वा कानून फर्महरूले LOI पेश गर्न सक्नेछन्:

- नेपालमा प्रचलित कानूनबमोजिम विधिवत् दर्ता भएको;
- कम्पनी गठन तथा दर्ता, संस्थागत कानुन, लगानी, सहकारी, कृषि व्यवसाय वा सम्बन्धित क्षेत्रमा अनुभव भएको;
- समान प्रकृतिका कम्पनी/संस्था गठन तथा संस्थागत प्रक्रियामा सहजीकरण गरेको अनुभव भएको;
- आवश्यक दक्ष जनशक्ति/कानुनी विज्ञ उपलब्ध भएको।

**५. प्रस्ताव पेश गर्ने अवधि:**

इच्छुक संघ/संस्था/कानून फर्म/परामर्शदाताले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र आफ्नो आशयपत्र तथा प्राविधिक एवं आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ।

**६. प्रस्ताव छनोटसम्बन्धी व्यवस्था**

प्राप्त LOI/प्रस्तावहरूको मूल्याङ्कन गर्दा सम्बन्धित संघ/संस्था/कानून फर्मको अनुभव, प्राविधिक क्षमता, प्रस्तावित कार्यविधि, कार्यसम्पादन समय, विज्ञ जनशक्ति, अपेक्षित **Deliverables** तथा परामर्श/सहजीकरण शुल्क लगायतका आधारहरूलाई ध्यान दिइनेछ।

आवश्यकतानुसार प्रस्ताव पेश गर्ने संस्था/फर्मसँग थप छलफल, प्रस्तुतीकरण वा वार्ता गर्न सकिनेछ। प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने तथा उपयुक्त प्रस्तावदातासँग सम्झौता गर्ने अधिकार सम्बन्धित निकायमा सुरक्षित रहनेछ।

**नोट:** यो LOI आह्वान कम्पनी गठन तथा दर्तासम्बन्धी सहजीकरण/परामर्श सेवा प्राप्त गर्ने उद्देश्यले मात्र गरिएको हो। यसलाई कम्पनीको शेयर बिक्री/सार्वजनिक शेयर निष्कासनसम्बन्धी अन्तिम आह्वान वा लगानी स्वीकृतिका रूपमा बुझ्न हुने छैन। कम्पनीको शेयर संरचना, लगानी आह्वान तथा अन्य वित्तीय विषयहरू प्रचलित कानून तथा सम्बन्धित नियामकीय प्रावधानबमोजिम निर्धारण गरिनेछ।

२०८३/६/२

आनन्द शर्मा भुसाल
प्रमुख प्रशासकीय अधिकृत